Together We Can Achieve
नेपाल एशोसिएशन अफ टूर एण्ड ट्राभल एजेन्टस्
NATTA 1966
# Nepal Association of Tour & Travel Agents
Gaira Ganesh, Gairidhara, Na
P. O. Box: 362, Kathmandu, Ne
Tel: 977-1-4419409/4418661
Fax: 977-1-4418684
E-mail: natta@mail.com.np
ceo@natta.org.np
info@natta.org.np
Website: www.natta.org.np
SWC Affiliation No.: 25285

मिति: २०७१/६/३

## प्रेश रिलिज

### नाट्टाद्वारा पर्यटन मन्त्री समक्ष मांग-पत्र

नेपाल एशोसिएसन अफ टूर एण्ड ट्राभल एजेन्ट्स (नाट्टा) का अध्यक्ष डी.बी. लिम्बूको नेतृत्वमा गएको नाट्टा प्रमण्डलले आज नव-नियुक्त संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री दीपक चन्द्र अमात्यलाई उहांकै कार्यकक्षमा भेटी संघका तर्फबाट बधाई ज्ञापन गर्दै एउटा २८ बूंदे सुझाव सहितको मांग-पत्र प्रस्तुत गरेको छ। मांग पत्रमा विशेष गरि पर्यटन ऐन र यातायात ऐनमा पर्यटक शब्दको बाझिएको परिभाषालाई अविलम्ब संशोधन गरिनु पर्ने, काठमाण्डौंमा तत्काल स्थायी पर्यटक बस टर्मिनलको निर्माण हुनु पर्ने, नेपाल पर्यटन बोर्डको वर्त्तमान संगठनात्मक संरचनामा सुधार गरि बोर्डलाई सुचारु गरिनु पर्ने, आन्तरिक पर्यटन प्रवर्द्धनका लागि सम्भावित गन्तव्य स्थलहरुको व्यापक प्रचार- प्रसार हुनु पर्ने र नाट्टालाई नेपाल पर्यटन बोर्डका लागि टिकेटिङ्ग एजेन्टहरुले उठाई दिने गरेको पर्यटक शुल्कबाट निश्चित प्रतिशत प्रवर्द्धन कार्यमा खर्च गर्नका लागि छुट्टाइनु पर्ने जस्ता महत्वपूर्ण मांगहरु उल्लेख गरिएको छ। साथै, आगामी नभेम्बरमा हुने डब्ल्यूटीएम, सीआई टीएम र जनवरीमा हुने फिटूर जस्ता अन्तराष्ट्रिय मेलाहरुमा नेपालको सहभागिताका लागि नेपाल पर्यटन बोर्डलाई आवश्यक तयारीका लागि निर्देश गरिनु पर्ने पनि अध्यक्ष लिम्बूले पर्यटन मन्त्रीलाई आग्रह गर्नु भएको छ। नाट्टा प्रमण्डलमा कोषाध्यक्ष श्री नारायण कोने गुरुङ्ग, कार्यकारी सदस्य कमला गुरुङ्ग, कार्यकारी सदस्य यदु लामिछाने र प्रमुख कार्यकारी प्रा.डा. हरि शर्मा रहनु भएको थियो।

.....................................................................................................

महोदय,

कृपया उपरोक्त प्रेस सामाग्री तपाईको लोकप्रिय संचार माध्यम मार्फत प्रचार प्रसारका लागि अनुरोध गर्दछौं।

NATTA 1966 Together We Can Achieve

डी.बी. लिम्बू
अध्यक्ष

UFTAA
TOURISM COUNCIL OF THAILAND
NATURALLY NEPAL ONCE IS NOT ENOUGH
NEPAL CHAMBER